गढवा गाउँपालिका
देउखुरी दाङ, लुम्बिनी प्रदेश नेपाल

# स्थानीय राजपत्र

स्थानीय सरकार द्वारा प्रकाशित

खण्ड : ७ श्रावण १५ गते, २०८० साल, संख्या : २

## भाग - १

### गढवा गाउँपालिकाको सूचना ।

नेपालको संविधानको धारा २२६ बमोजिम गढवा गाउँपालिकाको गाउँसभाले बनाएको तल लेखिए बमोजिमको कार्यविधी सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## दरबन्दी मिलान तथा व्यवस्थापन कार्यविधि २०८०

प्रस्तावना : यस गढवा गाउँपालिका अन्तरगत संचालित सामुदायिक विद्यालयहरुमा शिक्षक विद्यार्थी अनुपातका आधारमा दरबन्दी मिलान गरी सामुदायिक विद्यालयमा कार्यरत स्थायी, अस्थायी, राहत, करार र स्वयम् सेवक शिक्षकहरुलाई परिचालन गरी व्यवस्थापन गर्न वाञ्छनीय भएकाले,

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा २ र गढवा गाउँपालिकाको शिक्षा ऐनको दफा २९ को अधिकार प्रयोग गरी गढवा गाउँपालिकाले यो कार्यविधि बनाई लागू गरेको छ ।

## १.संक्षिप्त नाम,विस्तार र प्रारम्भ :

(१) यस कार्यविधिको नाम **दरबन्दी मिलान तथा व्यवस्थापन कार्यविधि, २०८०** रहेको छ ।

(२) यो कार्यविधि गढवा गाउँपालिका अन्तरगत संचालित सामुदायिक विद्यालयहरुमा दरबन्दी मिलान तथा व्यवस्थापन प्रक्रियामा मात्र लागू हुनेछ ।

(३) यो कार्यविधि गढवा गाउँपालिका गाउँकार्यपालिकाले पारित गरेको मिति देखि प्रारम्भ हुनेछ ।

**२.परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) ऐन भन्नाले गढवा गाउँपालिकाको शिक्षा ऐन २०८० सम्झनु पर्छ ।

(ख) दरबन्दी भन्नाले सामुदायिक विद्यालयमा नेपाल सरकारबाट प्राप्त भएको स्वीकृत दरबन्दी र यस पालिकाबाट परिचालित शिक्षण स्वयम्सेवक दरबन्दी समेतलाई जनाउँछ ।

(ग) प्रधानाध्यापक भन्नाले विद्यालयको नेतृत्व बहन गरी व्यवस्थापकीय तथा प्रशासनिक जिम्मेवारी निर्वाह गर्ने विद्यालयको प्रमुख कार्यकारी पद सम्झनु पर्छ ।

(घ) नियमावली भन्नाले संघीय शिक्षा नियमावली, २०५९ सम्झनु पर्छ ।

(ङ) गाउँपालिका भन्नाले गढवा गाउँपालिका सम्झनुपर्छ ।

(च) शाखा भन्नाले गढवा गाउँपालिका अन्तरगतको शिक्षा, युवा तथा खेलकुद शाखा सम्झनु पर्छ ।

(छ) विद्यालय भन्नाले प्रारम्भिक बालविकास कक्षा देखि बाह्र कक्षासम्म संचालनमा रहेका विद्यालयहरुलाई सम्झनु पर्छ ।

(ज) समिति भन्नाले दफा ४ को उपदफा (१) बमोजिमको दरबन्दी मिलान समिति सम्झनु पर्छ ।

**३.दरबन्दी मिलान :** (१) दरबन्दी मिलान गर्दा विषयगत दरबन्दीका आधारमा आधारभूत तह (कक्षा १-५), आधारभूत तह (कक्षा ६-८) र माध्यमिक तह ( कक्षा ९-१०) मा एकै पटकमा गरिनेछ । दरबन्दी मिलान गर्दा हाल कायम सबै

किसिमका दरबन्दीलाई आधार मानि गरिनेछ । यस पालिका अन्तर्गत संचालनमा रहेका सामुदायिक विद्यालयहरुमा तहगत स्वीकृत स्थायी दरबन्दी नरहेको खण्डमा कम्तीमा एक वटा स्थायी दरबन्दीको व्यवस्थापन गरिनेछ, उक्त स्थायी दरबन्दी हाल कायम रहेका विद्यालयबाट शिक्षकको सहमति अनुसार हुने नभएमा कनिष्ठका आधारमा कट्टी गरी पठाइनेछ र दरबन्दी कट्टी गरीएको विद्यालयमा पालिकाबाट स्वयम् सेवक शिक्षक व्यवस्थापन गरी पूर्ति गरिनेछ ।

कनिष्ठताका आधारहरु देहाय बमोजिम हुनेछन् :

क) स्थायी नियुक्ति मिति

ख) विद्यालयमा हाजिरी भएको मिति

ग) उमेर (जन्म मिति)

(२) उपदफा १ बमोजिम दरबन्दी मिलान पश्चात गाउँकार्यपालिकाको निर्णयानुसार शिक्षा शाखाले शिक्षकहरुलाई पदस्थापन गर्नेछ ।

**४.दरबन्दी मिलान तथा व्यवस्थापन समिति :**(१) गढवा गाउँपालिका अन्तरगत संचालित सामुदायिक विद्यालयहरुमा शिक्षक विद्यार्थी अनुपातका आधारमा विषयगत दरबन्दी मिलान गर्न देहाय बमोजिमको एक दरबन्दी मिलान तथा व्यवस्थान समिति रहनेछ :

(क) गाउँशिक्षा समितिको संयोजक वा निजले तोकेको एकजना सदस्य, संयोजक

(ख) सामाजिक विकास समितिका संयोजक सदस्य

(ग) नेपाल शिक्षक महासंघ गढवाका अध्यक्ष सदस्य

(घ) गाउँकार्यपालिका सदस्य वा गाउँ सभा सदस्यहरु मध्येबाट संयोजकले तोकेको एक जना महिला सहित ३ जना सदस्य

(ङ) शिक्षा शाखा प्रमुख सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको बैठकमा शिक्षाप्रेमी, बुद्धिजीबी तथा शैक्षिक सरोकार राख्ने व्यक्तिहरुलाई आमन्त्रित गर्न सकिनेछ ।

(३) उपदफा (१) बमोजिमको समितिले सुझाव पेश गर्न एक कार्यदल गठन गरी जिम्मेवारी दिन सक्नेछ ।

**५.दरबन्दी मिलान समितिको काम,कर्तव्य र अधिकार :** दरबन्दी मिलान समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) विद्यालयहरुको कक्षागत विद्यार्थी संख्या एकिन गर्ने ।

(ख) तहगत शिक्षक दरबन्दी संख्या अद्यावधिक गर्ने ।

(ग) तहगत शिक्षक विद्यार्थी अनुपातका आधारमा दरबन्दी मिलान गरी दरबन्दी पुर्न वितरण गर्ने ।

(घ) दरबन्दी कट्टी भइ अन्यत्र विद्यालयमा खटिने शिक्षकहरुलाई पदस्थापन गर्ने ।

(ङ) विद्यालयको आवश्यकताको आधारमा अन्य स्वयम्सेवक दरबन्दी सिर्जना गरी वितरण गर्ने ।

(च) शैक्षिक सरोकारवाला पक्षहरुसंग समन्वय, छलफल र आवश्यक सहजीकरण गर्ने ।

(छ) कार्यपालिकाको निर्णय एवम् निर्देशन बमोजिम निर्णय कार्यान्वयन गर्ने ।

**६.दरबन्दी मिलानका आधारहरु :**(१) दरबन्दी मिलान कार्य गर्दा देहाय बमोजिमका आधारहरु अबलम्बन गरिनेछ :

(क) कक्षागत विद्यार्थीको आधारमा शिक्षक थप गर्दा ५० को ४० प्रतिशत अर्थात् ७१ भएमा थप शिक्षक प्रदान गर्ने । यो आधार हरेक तहको लागि लागू गर्न सकिनेछ ।

(ख) कक्षा १–३ संचाल नभएको विद्यालय तर २० जना भन्दा कम विद्यार्थी संख्या भए मान्यूनतम १ जना, ५० जना सम्म भएमा न्यूनतम २ जना, र ५० भन्दा बढी भएमा न्यूनतम ३ जना शिक्षक कायम गर्ने तर भौगोलिक विकटता भएका क्षेत्रमा संचालित विद्यालयहरुमा भने जति न्यून विद्यार्थी संख्या भए तापनि कम्तीमा २ वटा दरबन्दी कायम रहनेछ ।

(ग) कक्षा १–५ संचालन भएको विद्यालय तर ३० जना भन्दा कम विद्यार्थी भएमा २ जना, ८० जना भन्दा कम भएमा ३ जना, १२५ जना भन्दा कम भएमा ४ जना र १२५ जना भन्दा बढी भएमा ५ जना शिक्षक दरबन्दी कायम गरिनेछ ।

(घ) कक्षा १–८ संचालन भएको विद्यालयको हकमा कक्षा १–५ सम्मखण्ड (ग) बमोजिम हुने र कक्षा ६–८ को विद्यार्थी संख्या ५० भन्दा कम भए ३ जना र सो भन्दा बढी भए ४ जना र विद्यार्थी संख्याको आधारमा शिक्षक थप गर्नु पर्ने भएमा खण्ड (क) अनुसार हुने ।

(ङ) कक्षा १–१० संचालन भएको विद्यालयको हकमा कक्षा १–५ र ६–८ सम्म खण्ड (ग) र (घ) बमोजिम हुने र कक्षा ९–१० को विद्यार्थी संख्या ५० भन्दा कम भए ४ जना र सो भन्दा बढी भए ५ जना र विद्यार्थी संख्याको आधारमा शिक्षक थप गर्नु पर्ने भएमा खण्ड (क) अनुसार हुने ।

(च) विद्यालयको कक्षागत विद्यार्थी संख्या विवरण अद्यावधिक गर्दा लगत्तै पछिल्लो बार्षिक वा अर्धबार्षिक परीक्षामा सम्मिलित कक्षागत विद्यार्थी संख्याका आधारमा गरिनेछ ।

**७.दरबन्दी मिलान पछिको शिक्षक व्यवस्थापन :**विद्यालयको दरबन्दी कट्टी भई अन्यत्र विद्यालयमा शिक्षक खटाउनु परेमा देहाय बमोजिमको प्राथमिकताको आधारमा व्यवस्थापन गरिनेछ :

(क) अपाङ्गता भएका शिक्षकहरु,
(ख) महिला शिक्षक,
(ग) जेष्ठता (नियुक्तिका आधारमा)

**८.खटाइएको ठाउँमा शिक्षक जानुपर्ने :** दफा ७ बमोजिमको आधारमा अन्यत्र विद्यालयमा खटाइएका शिक्षकहरु अनिवार्य रुपमा खटाइएको ठाउँमा गई हाजिर हुन पर्नेछ र सम्बन्धित विद्यालय र विद्यालय व्यवस्थापन समितिले हाजिर गराउनु पर्नेछ । पठाइएको शिक्षकलाई कुनै कारणवस हाजिर नगराएको खण्डमा पालिकाबाट त्यस विद्यालयलाई जाने कुनै पनि किसिमका अनुदानहरु रोक्का गरिनेछ ।

**९.कार्यविधि संशोधन :** गढवा गाउँकार्यपालिकाको कार्यालयले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी कार्यविधि माथि आवश्यकता अनुसार हेरफेर तथा संशोधन गर्न सक्नेछ ।

**१०.बाधा अड्चन फुकाउ** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र यस कार्यविधिमा व्यवस्था भए बाहेकका विषयमा नीतिगत निर्णय गर्न आवश्यक भएमा त्यस्तो निर्णय गाउँकार्यपालिकाले गर्नेछ ।

आज्ञाले
आशिष चौधरी
प्रमुख प्रशासकीय अधिकृत